# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखुरी), नेपाल, असोज २१ गते, २०८१ साल (अतिरिक्ताङ्क १४

# भाग १

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राप्ती उपत्यका (देउखुरी), नेपालको

## सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## सम्वत २०८१ सालको ऐन नं ०४

## औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेशको औद्योगिक वातावरणलाई लगानीमैत्री एवं प्रतिस्पर्धी बनाई औद्योगिक वस्तु तथा सेवाको उत्पादकत्त्व बढाई रोजगारीका अवसरमा अभिवृद्धि गर्न, प्रदेशमा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको सन्तुलित तथा अधिकतम उपयोग गरी उद्यमशीलता विकास तथा लगानी प्रवर्द्धन गरी औद्योगिक विकासको माध्यमबाट उत्पादनशील र दिगो अर्थतन्त्र निर्माण गर्न औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकिकरण गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"औद्योगिक व्यवसाय प्रवर्द्धन ऐन, २०८१"** रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) **"उद्योग"** भन्नाले दफा १७ मा वर्गीकरण भए बमोजिमका उद्योग सम्झनु पर्छ।

(ख) **"उद्योग दर्ता गर्ने निकाय"** भन्नाले निर्देशनालयलाई सम्झनु पर्छ।

(ग) **"एकल बिन्दु सेवा केन्द्र"** भन्नाले दफा ३६ बमोजिमको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ।

(घ) **"कार्यालय"** भन्नाले प्रदेश सरकारको जिल्ला स्थित उद्योग प्रशासन सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ।

(ङ) **"कारोबार"** भन्नाले उद्योगले आफ्नो उद्देश्य बमोजिम वस्तु वा सेवाको उत्पादन तथा वितरण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो उत्पादन तथा वितरणसँग सम्बन्धित अन्य कारोबारलाई समेत जनाउँछ ।

(च) **"कोष"** भन्नाले दफा ४९ बमोजिमको औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सम्झनु पर्छ ।

(छ) **"घरेलु उद्योग"** भन्नाले दफा १७ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ज) **"ठूला उद्योग"** भन्नाले दफा १७ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(झ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण विषय हेर्ने निर्देशनालय सम्झनु पर्छ ।

(ट) **"निर्यातमूलक उद्योग"** भन्नाले उर्जामूलक उद्योग बाहेक आफ्नो उत्पादनको कम्तीमा चालिस प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ ।

(ठ) **"प्राथमिकता प्राप्त उद्योग"** भन्नाले दफा १९ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ड) **"बोर्ड"** भन्नाले दफा २० बमोजिमको प्रदेश औद्योगिक लगानी तथा प्रवर्द्धन बोर्ड सम्झनु पर्छ ।

(ढ) **"बौद्धिक सम्पत्ति"** भन्नाले प्रचलित संघीय कानून बमोजिमको बौद्धिक सम्पत्ति सम्झनु पर्छ।

(ण) **"मझौला उद्योग"** भन्नाले दफा १७ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनु पर्छ।

(त) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(थ) **"मन्त्री"** भन्नाले मन्त्रालयको मन्त्री वा राज्यमन्त्री सम्झनु पर्छ ।

(द) **"लघु उद्यम"** भन्नाले दफा १७ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ध) **"वातावरणीय अध्ययन"** भन्नाले प्रचलित कानून बमोजिमको संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ ।

(न) **"साना उद्योग"** भन्नाले दफा १७ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ।

(प) **"स्टार्ट अप उद्योग"** भन्नाले नविन प्रविधि एवम् सृजनशील सोचको प्रयोग गरी कुनै वस्तु वा सेवाको उत्पादन वा सञ्चालन वा वितरण प्रक्रियामा स्तरोन्नतीको सम्भावना रहेको उद्योग सम्झनु पर्छ।

(फ) **"स्थीर पूँजी"** भन्नाले दफा १८ बमोजिमको सम्पत्ति सम्झनु पर्छ।

## परिच्छेद- २

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **उद्योग दर्ता गर्नुपर्ने**: (१) कसैले यस ऐन बमोजिम दर्ता नगरी प्रदेशमा उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम दर्ता भएका उद्योग यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

तर यस्ता उद्योगले प्रदेशको उद्योग दर्ता गर्ने निकायमा तोकिए बमोजिम अध्यावधिक गर्नु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम शाखा उद्योगको रुपमा स्थापना भएका उद्योगले यो ऐन प्रारम्भ भएको एक वर्ष भित्र यस ऐन बमोजिम प्रक्रिया पूरा गरी छुट्टै उद्योगको रुपमा दर्ता गराउनु पर्नेछ ।

(४) कुनै उद्योगले आफ्नो उत्पादन वा त्यसको कुनै भाग साविकमा उद्योग रहेको स्थान भन्दा फरक स्थानबाट उत्पादन गर्न चाहेमा वा उपदफा (३) बमोजिमको म्यादभित्र छुट्टै उद्योगको रुपमा दर्ता हुन नचाहेमा त्यस्ता उद्योगले त्यस्तो शाखा उद्योगलाई इकाइ उद्योगको रुपमा स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम इकाइ उद्योगको स्थापना गर्दा यस ऐन बमोजिम दर्ता बाहेक नयाँ उद्योग स्थापना गरे सरहको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको इकाइ उद्योगबाट हुने उत्पादन तथा कारोबारको अभिलेख सम्बन्धित इकाइ उद्योगले तयार गरी राख्नु पर्नेछ र त्यस्तो अभिलेख उद्योगको मुख्य कार्यालयमा र प्रदेशको उद्योग दर्ता भएको निकायमा समेत पठाउनु पर्नेछ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनुपर्नेः** (१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्ति, फर्म वा कम्पनी वा तोकिए बमोजिमका संस्थाले उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम विवरण र कागजात

सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष दर्ताको लागि निवेदन दिनु पर्नेछ।

तर प्रचलित कानून बमोजिम दर्ताका लागि अनुमति लिनुपर्ने उद्योगको हकमा सोही बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले नपुग विवरण वा कागजात पेश गर्न निवेदकलाई तत्काल जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले नब्बे दिन भित्र पेश नगरेमा वा यो ऐन र यो ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ। त्यसरी अस्वीकृत गर्ने निर्णय भएकोमा निर्णय भएको पाँच दिनभित्र कारण खुलाई सो को लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन दिँदा निवेदन साथ संलग्न गर्नुपर्ने विवरण वा कागजात विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

(५) उपदफा (४) बमोजिम विद्युतीय माध्यमबाट अनलाइन दर्ता गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(६) उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ताका सम्बन्धमा आफूलाई प्राप्त अधिकार आफू मातहतको कुनै कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(७) उद्योग दर्ता तथा नविकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

५. **उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेः** (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको देखिएमा तीन दिन भित्र उद्योग दर्ता गर्ने निकायले निवेदकको माग बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिंदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछः-

(क) उद्योग दर्ता नम्बर र मिति,

(ख) उद्योगको उद्देश्य,

(ग) उद्योगको उत्पादन क्षमता,

(घ) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ङ) उद्योगले पालना गर्नु पर्ने शर्तहरु,

(च) उद्योगको प्रकृति अनुसार उद्योग दर्ता गर्ने निकायले तोकेका अन्य शर्तहरु।

(३) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ।

६. **उजुरी गर्न सक्नेः** (१) उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता गर्न अस्वीकार गरेमा सो उपर चित्त नबुझ्ने पक्षले एक्काइस दिनभित्र कार्यालयले गरेको निर्णयको हकमा निर्देशनालयमा र निर्देशनालयले गरेको निर्णयको हकमा मन्त्रालयमा उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरी उपर उजुरी सुन्ने निकायले आवश्यक जाँचबुझ गरी उजुरी परेको मितिले चौध दिनभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

(३) उजुरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **वातावरणीय प्रतिकूल असरको निराकरण गर्नुपर्नेः** (१) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने उद्योगले सो सम्बन्धी प्रतिवेदन स्वीकृत भएपछि मात्र त्यस्तो उद्योग दर्ता, स्थापना, सञ्चालन, व्यावसायिक उत्पादन र कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य परिवर्तन, उद्योगको ठाउँसारी वा स्थानान्तरण गर्नु पर्दा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सो समेत गर्नु पर्नेछ ।

(३) उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको न्यूनीकरण गर्ने र क्षतिपूर्ति दिने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

(४) यस दफा बमोजिम वातावरणीय प्रभावको न्यूनीकरण गरे नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार अनुगमन गरी निर्देशन दिन, कारबाही गर्न वा कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम उद्योगको वातावरणीय अनुगमन गर्दा सो उद्योग प्रचलित कानून बमोजिम वातावरण मापदण्ड विपरित देखिएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(६) उपदफा (५) बमोजिम कुनै उद्योगलाई तीन पटक सम्म कारबाही गर्दा समेत वातावरण मापदण्ड विपरितको काम गरेमा दर्ता

गर्ने निकायले सो उद्योगको दर्ता खारेज गर्न सक्नेछ। तर यसरी खारेज गर्नु अघि वातावरण मापदण्ड पूरा गर्न मनासीब माफिकको समय दिनु पर्नेछ।

(७) वातावरणीय अध्ययन गर्नु नपर्ने उद्योग दर्ता गर्नको लागि निवेदन दिँदा वातावरणीय अध्ययन गर्नु नपर्नाको आधार र कारण सहित आफ्नो उद्योग स्थापना तथा सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव न्यूनीकरण गर्न आवश्यक उपाय अवलम्बन गर्ने स्वःघोषणा गर्नु पर्नेछ।

८. **अनुमति लिनुपर्ने:** तोकिए बमोजिम अनुमति लिनुपर्ने उद्योगले उद्योग सञ्चालन गर्नुपूर्व सम्बन्धित निकायबाट अनुमति लिनु पर्नेछ ।

९. **उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी तीस दिनभित्र उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तिमा तीस दिन अगावै त्यस्तो अवधि थपका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधि भित्र निवेदन दिन नसकेमा सो को आधार र कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि भित्र वा सो अवधि समाप्त भएको मितिले एक वर्ष भित्र उक्त अवधि बढाउनका लागि देहाय बमोजिमको विलम्ब शुल्क बुझाई उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछः-

(क) लघु उद्यमको हकमा प्रतिवर्ष तीन हजार रुपैंया,

(ख) घरेलु तथा साना उद्योगको हकमा प्रतिवर्ष दश हजार रुपैयाँ,

(ग) मझौला उद्योगको हकमा प्रतिवर्ष पचास हजार रुपैयाँ,

(घ) ठूला उद्योगको हकमा प्रतिवर्ष एक लाख पचास हजार रुपैयाँ ।

(४) उपदफा (२) वा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासीब देखिएमा उद्योग स्थापनाको लागि गर्नुपर्ने निर्माण कार्य लगायतका कामको प्रगति र उद्योगको प्रकृति हेरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम थप गर्न सक्नेछ ।

तर कुनै उद्योगको सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तीन पटक भन्दा बढी थप गर्नुपरेमा उद्योग दर्ता गर्ने निकायले राय सहित बोर्डमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अवधि थपिएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेकोमा त्यस्तो निर्णय भएको सात दिनभित्र सो को लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ।

(७) उपदफा (४) बमोजिम कुनै उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेमा त्यस्तो उद्योगलाई दिएको दर्ता अनुमति स्वतः निष्क्रिय भएको मानिनेछ।

१०. **<u>अनुगमन तथा निरीक्षण गर्ने:</u>** (१) यो ऐन तथा यो ऐन अन्तर्गत बनेको नियमावली र उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तको पालना गरे नगरेको सम्बन्धमा मन्त्रालय वा उद्योग दर्ता गर्ने निकायले समय समयमा उद्योगको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उद्योगको अनुगमन तथा निरीक्षणको लागि खटिएको कर्मचारी वा पदाधिकारीले अनुगमन तथा निरीक्षणको सिलसिलामा सम्बन्धित उद्योगको परिसरमा प्रवेश गर्न, आवश्यकता अनुसार श्रव्य-दृश्य तथा अन्य सूचना तथा तथ्याङ्क सङ्कलन गर्न, आवश्यक कागजात जाँचबुझ गर्न र अन्य कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

तर प्रचलित कानून बमोजिम बौद्धिक सम्पत्तिको संरक्षणको विषय समावेश भई गोपनीयता कायम राख्नुपर्ने अवस्थामा प्रचलित बौद्धिक सम्पत्ति कानून बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको कमजोरी भएको पाईएमा वा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरु पालना नगरेको देखिएमा त्यस्तो उद्योगलाई कमजोरी सुधार गर्न तथा शर्तको पालना गर्न निर्देशन दिन सक्नेछ र यसरी दिएको निर्देशन पालना गर्नु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(५) उपदफा (१) बमोजिम उद्योगको अनुगमन गर्दा उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित

उद्योगसँग परामर्श गरी मन्त्रालय वा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई आवश्यक सहयोग तथा सहजीकरण गर्न सक्नेछ।

(६) अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **उद्योग स्थानान्तरणका लागि स्वीकृति लिनुपर्नेः** (१) प्रदेशको कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नु पर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकाय समक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा यस ऐन बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सो समेत सम्पन्न भएपछि उद्योग स्थानान्तरणको स्वीकृती सम्बन्धी कारबाही हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रदेश भित्रको कुनै एक स्थानबाट अर्को स्थानमा उद्योग स्थानान्तरणका लागि निवेदन पर्न आएमा उद्योग दर्ता गर्ने निकायले स्थानान्तरण भै जाने सम्बन्धित स्थानीय तहको सिफारिसमा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम कुनै उद्योग अर्को प्रदेशमा स्थानान्तरण गर्नु पर्ने भएमा सम्बन्धित प्रदेशको उद्योग दर्ता गर्ने निकायको सहमति लिई उद्योग दर्ता गर्ने निकायले उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

(५) कुनै उद्योग अन्य प्रदेशबाट स्थानान्तरण भई आउन चाहेमा उद्योग दर्ता गर्ने निकायले सहमति दिन सक्नेछ ।

(६) उद्योग स्थानान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. <u>**उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनुपर्ने:**</u> (१) कुनै उद्योगले आफ्नो विद्यमान पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप गर्न वा परिवर्तन गर्न चाहेमा सोको स्वीकृतिको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासीब देखिएमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो उद्योगको पूँजी वृद्धि गर्न, क्षमता वृद्धि गर्न, उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न आवश्यक कागजात प्राप्त भएको सात दिनभित्र स्वीकृति दिनु पर्नेछ। त्यसरी पूँजी वृद्धि गर्न वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेको कारणले उद्योगको वर्गीकरणमा परिवर्तन हुने भएमा सम्बन्धित उद्योगले सोको अभिलेख अद्यावधिक गराई उद्योग दर्ता प्रमाणपत्रमा जनाउन लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेरको कारणबाट वातावरणीय अध्ययन गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिम सोको प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

(४) उद्योगले आफ्नो आर्जित मुनाफाबाट पुर्नलगानी गरी पूँजी वृद्धि गर्न सक्नेछ।

१३. <u>**विवरण उपलब्ध गराउनु पर्ने:**</u> (१) प्रत्येक उद्योग वा त्यसको इकाईले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योग एक आर्थिक वर्ष भन्दा बढी बन्द भएमा वा कुनै कारणले उत्पादन वा कारोबार नभए पनि उक्त अवधिको शून्य विवरण बुझाउनु पर्नेछ।

तर त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायलाई सो उद्योग बन्द भएको जानकारी गराई अभिलेखमा जनाएपछि बन्द भएको अवधि भरको विवरण बुझाउन आवश्यक पर्ने छैन।

(३) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ ।

१४. **उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने**: यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले तीस दिन भित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई तोकिए बमोजिम दिनु पर्नेछ ।

१५. **उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने**: (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमका विवरण र कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ ।

तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफूले बुझाउनु पर्ने कर लगायतको सरकारी दायित्व तथा अन्य दायित्व फरफारक गरेको देखिएमा र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए

बमोजिम प्रक्रिया पूरा गरी उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदक र सबै सरोकारवाला सरकारी निकायलाई दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम दामासाहीको प्रक्रियामा गएको कम्पनी अन्तर्गतको उद्योगको हकमा सोही बमोजिम हुनेछ र त्यसरी उद्योग खारेज गरेकोमा सोको जानकारी लिक्वीडेटरले सम्बन्धित उद्योग दर्ता गर्ने निकायलाई उपलव्ध गराउनु पर्नेछ ।

१६. **अभिलेख व्यवस्थित गर्नुपर्ने:** (१) उद्योग दर्ता, नवीकरण, नामसारी, नाम परिवर्तन, स्थानान्तरण, क्षमता वृद्धि, पूँजी वृद्धि, उद्देश्य थप, परिवर्तन वा उद्योग खारेजी लगायतका उद्योग प्रशासनसँग सम्बन्धित अभिलेख सुरक्षित राख्ने दायित्व उद्योग दर्ता गर्ने निकायको हुनेछ ।

(२) कुनै उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्तिले आफूसँग सम्बन्धित उद्योगको उपदफा (१) बमोजिमको कागजात वा अभिलेख आवश्यक भएको खण्डमा तोकिए बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा उद्योग दर्ता गर्ने निकायले तोकिएको दस्तुर लिई आफूसँग भएको कागजात वा अभिलेख प्रमाणित गरी उपलव्ध गराउनु पर्नेछ।

(४) उद्योग दर्ता गर्ने निकायले आवश्यक परेमा सरोकारवाला वा अन्य सरकारी निकायमा रहेको कागजात वा अभिलेख तथा सम्बन्धित उद्योगले पेश गरेका अन्य कागजातलाई आधार मानी अभिलेख कायम गरी उपदफा (३) बमोजिमको प्रतिलिपि उपलब्ध गराउन सक्नेछ ।

(५) उद्योग दर्ता गर्ने निकायले उपदफा (४) बमोजिम प्रतिलिपि जारी गरे पश्चात सो उद्योगको अभिलेख सम्बन्धी विवरण पछि

अन्यथा प्रमाणित हुन आएमा उद्योग दर्ता गर्ने निकायले निर्णय गरी त्यस्तो प्रतिलिपि रद्ध गर्नेछ ।

(६) उद्योग दर्ता गर्ने निकायमा रहेको कुनै उद्योगसँग सम्बन्धित कागजात वा अभिलेख सम्बन्धित उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएका व्यक्ति बाहेक अन्य कसैलाई उपलव्ध गराईने छैन।

तर अनुसन्धान वा सरकारी काम कारबाहीको सिलसिलामा कुनै अदालत, सरकारी कार्यालय वा निकायबाट माग भएको अवस्थामा त्यस्तो अदालत, सरकारी कार्यालय वा निकायलाई अभिलेख उपलब्ध गराउन बाधा पुऱ्याएको मानिने छैन ।

(७) उद्योग दर्ता गर्ने निकायले आफूसँग भएको उद्योग सम्बन्धी अभिलेख कागजात वा अन्य कुनै विवरण विद्युतीय रुपमा समेत सुरक्षित भण्डारण गर्नु पर्नेछ र त्यस्तो विद्युतीय अभिलेख कार्यविधि बनाई अन्य सरकारी निकायसँग विद्युतीय माध्यमबाट आदान प्रदान गर्न सकिनेछ ।

## परिच्छेद- ३

## <u>उद्योगको वर्गीकरण तथा स्थीर पूँजी सम्बन्धी व्यवस्था</u>

**१७.** **<u>उद्योगको वर्गीकरण</u>**:(१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छः-

**(क) लघु उद्यमः** प्रचलित कानून बमोजिम अनुमती लिनुपर्ने उद्योग बाहेक देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः

(१) घर जग्गा बाहेक बढीमा बीस लाख रुपैयाँसम्मको स्थिर पूँजी भएको,

(२) उद्यमी स्वंय उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रुपैयाँ भन्दा कम रहेको, र

(५) इञ्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इञ्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय उर्जा इन्धन वा अन्य तेल इञ्जिनको क्षमता बीस किलोवाट वा सो भन्दा कम रहेको ।

**(ख) घरेलु उद्योग:** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि कला तथा संस्कृतिमा आधारित,

(३) इञ्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढिमा पचास किलोवाट सम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको,

(४) अनुसूची-१ मा उल्लेख भए बमोजिमका उद्योगहरु।

**(ग) साना उद्योगः** लघु उद्यम र घरेलु उद्योग बाहेकको रु पन्ध्र करोड रुपैयाँसम्म स्थीर पूँजी भएको उद्योग ।

**(घ) मझौला उद्योगः** पन्ध्र करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म स्थीर पूँजी भएको उद्योग ।

**(ङ) ठूला उद्योगः** पचास करोड रुपैयाँभन्दा बढी स्थीर पूँजी भएको उद्योग ।

(२) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिएको छः-

(क) **ऊर्जामूलक उद्योगः** ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-२ मा उल्लिखित उद्योगहरु।

(ख) **उत्पादनमूलक उद्योग**ः कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी वस्तु उत्पादन गर्ने उद्योगहरु ।

(ग) **कृषि तथा वन पैदावारमा आधारित उद्योगः** कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची-३ मा उल्लिखित उद्योगहरु ।

(घ) **खनिज उद्योग**ः खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु।

(ङ) **निर्माण उद्योगः** भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-४ मा उल्लिखित उद्योगहरु।

(च) **पर्यटन उद्योगः** पर्यटन सेवासँग सम्बन्धित अनुसूची- ५ मा उल्लिखित उद्योगहरु ।

(छ) **सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग**ः सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-६ मा उल्लिखित उद्योगहरु।

(ज) **सेवामूलक उद्योगः** सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-७ मा उल्लिखित उद्योगहरु ।

(३) कुनै उद्योगको दफा १२ बमोजिम पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग उपदफा (१) बमोजिम जुन वर्गमा पर्ने हो सोही वर्गमा स्वत: वर्गीकृत भएको मानिनेछ।

(४) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएका उद्योगहरुले यो ऐन बमोजिम वर्गिकरण हुन चाहेमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी वर्गिकरण अद्यावधिक गर्न सक्नेछ।

१८. **<u>उद्योगको स्थिर पूँजी</u>**: (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थीर पूँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछः-

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल, वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली)

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिवहनका साधन,

(ज) पूँजीगत प्रकृतिका कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएका देहायका खर्चलाई पनि उद्योगको स्थीर पूँजीको रुपमा मूल्याङ्कन गरिनेछः-

(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पूँजीकृत हुने ब्याज खर्च,

(घ) उद्योग सञ्चालन पूर्वको वातावरणीय अध्ययन र अनुसन्धान खर्च।

१९. **प्राथमिकता प्राप्त उद्योगः** अनुसूची-८ मा उल्लिखित उद्योगहरुलाई प्रदेश प्राथमिकता प्राप्त उद्योग मानिनेछ।

## परिच्छेद–४

## प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड सम्बन्धी व्यवस्था

२०. **बोर्डको गठनः** (१) प्रदेशमा उद्योग विकास र औद्योगिकीकरणका लागि आवश्यक सहजीकरण, समीक्षा, तथा नीतिगत पृष्ठपोषण आदिका लागि देहाय बमोजिमको एक प्रदेश औद्योगिक लगानी तथा प्रवर्द्धन बोर्ड गठन गरिनेछ :-

(क) मन्त्री वा राजमन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सदस्य, प्रदेश योजना आयोगका उद्योग क्षेत्र हेर्ने-सदस्य

(ग) सचिव, आर्थिक मामिला विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) सचिव, कानुन विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) सचिव, कृषि विषय हेर्ने मन्त्रालय -सदस्य

(च) सचिव, वन, वातावरण विषय हेर्ने मन्त्रालय -सदस्य

(छ) सचिव, मन्त्रालय –सदस्य

(ज) निर्देशक, निर्देशनालय - सदस्य

(झ) उद्योग व्यवसायीहरुको प्रदेशस्तरीय छाता संगठनहरुबाट कम्तिमा एक जना महिला उद्यमी सहित तीन जना
-सदस्य

(ञ) मन्त्रालयको सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख
-सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयमा मन्त्री र राज्यमन्त्री दुबै नियुक्त भएको अवस्थामा राज्यमन्त्री बोर्डको सदस्य रहनेछ ।

(३) उपदफा (१) को खण्ड (झ) बमोजिम मनोनीत सदस्यको पदावधि बढिमा दुई वर्षको हुनेछ र निजको एक पटकका लागि पुन: मनोनयन गर्न सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन विपरित कुनै कार्य गरेमा वा बोर्डको काम, कर्तव्य र अधिकार विपरित हुनेगरी काम गरेमा अध्यक्षले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) बोर्डले आवश्यक देखेमा विषयसँग सम्बन्धित बिषय विज्ञ वा कुनै पदाधिकारीलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमको समितिमा कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित नभई बैठक सञ्चालन हुने छैन । बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(७) बोर्डको बैठक बर्षमा कम्तिमा तीन पटक र आवश्यकता अनुसार जुनसुकै बखत बस्न सक्नेछ ।

(८) बोर्डको सदस्य सचिवले बोर्डका अध्यक्षसँग परामर्श गरी बोर्डको बैठकमा पेश हुने कार्यसूची निर्धारण गरी सोको जानकारी बैठक

बस्नु भन्दा कम्तिमा चौबिस घण्टा अगाडि सबै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(९) बोर्डको सचिवालय मन्त्रालयमा रहने छ ।

(१०) बोर्डले गरेका निर्णयहरु तथा सम्पादन गरेका कामहरुको विवरण सहितको अभिलेख सचिवालयले अद्यावधिक गर्नु पर्नेछ।

(११) बोर्डलाई आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार मन्त्रालय, निर्देशनालय, कार्यालय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१२) बोर्डका अध्यक्ष तथा सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन् ।

(१३) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

२१. **बोर्डको सदस्यले निर्णय प्रक्रियामा भाग लिन नहुने:** (१) बोर्डको बैठकमा निर्णयका लागि पेश हुने कुनै कार्यसूचीका सम्बन्धमा बोर्डको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुँदैन ।

(२) उपदफा (१) विपरित हुने गरी निर्णय भएको देखिएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ।

(३) उपदफा (१) बमोजिमको अवस्था आइपरेमा सम्बन्धित सदस्यले सदस्य सचिव मार्फत बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

२२. **बोर्डको काम, कर्तव्य र अधिकारः** (१) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशमा औद्योगिक प्रवर्द्धन, लगानी संरक्षण, अभिवृद्धि तथा औद्योगिकरणको सम्बन्धमा समिक्षा गरी त्यसमा नीति

तर्जुमा तथा नीतिगत सुधारका लागि प्रदेश सरकार र प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(ख) प्रदेशस्तरका औद्योगिक क्षेत्र, औद्योगिक ग्राम, औद्योगिक क्लष्टर तथा औद्योगिक कोरिडोर रहने क्षेत्र सिफारिस गर्ने।

(ग) उद्योगको स्तर, वर्गीकरण, प्रकृति तथा अनुसूचीमा थपघट वा परिवर्तन गर्नु पर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने।

(घ) प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा सुविधा उपलब्ध गराउन कुनै कठिनाई आइपरेमा सो को निराकरण गरी कार्यान्वयनका लागि मन्त्रालयमा सिफारिस गर्ने।

(ङ) प्रचलित कानूनले बोर्डले गर्ने भनी तोकेका अन्य कार्य गर्ने।

(२) बोर्डले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये केही अधिकार प्रदेश सरकारको कुनै निकाय वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **<u>गोपनीयता कायम राख्नु पर्नेः</u>** (१) बोर्डको कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना अनाधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैका लाभ, हित वा फाइदाका लागि प्रयोग गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) विपरित बोर्डको अध्यक्ष, सदस्य, सदस्य-सचिव बैठकमा आमन्त्रित वा कर्मचारीले कुनै काम गरेमा निजले पदीय

आचरण पालना नगरेको मानिनेछ र गोपनीयता भङ्ग गर्ने त्यस्तो सदस्यको अभिलेख राखिनेछ ।

## परिच्छेद-५

## उद्योगलाई प्रदान गरिने सहुलियत सम्बन्धी व्यवस्था

२४. **आयकर सम्बन्धी छुट, सुविधा वा सहुलियतः** (१) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई प्रचलित कानून बमोजिम प्रदान गरेको कर सम्बन्धी छुट, सुविधा वा सहुलियत प्रदान गर्न आवश्यक भएमा मन्त्रालयले नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) प्रदेशमा स्थापना भई सञ्चालनमा रहेका उद्योगहरुलाई उपलब्ध गराइने अन्य छुट, सुविधा, सहुलियत प्रदेश सरकारको वार्षिक बजेट, नीति कार्यक्रम बमोजिम वा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

२५. **भन्सार महसुल सम्बन्धी छुट, सुविधा वा सहुलियतः** यस ऐन बमोजिम दर्ता भएको उद्योगलाई प्रचलित कानून बमोजिम दिइने भन्सार सम्बन्धी छुट प्रदान गर्न आवश्यक भएमा मन्त्रालयले नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

२६. **लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियतः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका लघु उद्यमलाई यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दर्ता भई सञ्चालनमा आएको लघु उद्यमलाई प्रचलित कानून बमोजिम करमा छुट दिन सकिनेछ ।

२७. **<u>महिला, दलित, यौनिक अल्पसङ्ख्यक र अपाङ्गता भएका उद्यमीका लागि थप सुविधाः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, यौनिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा यस ऐन बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पचास प्रतिशत छुट हुनेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, यौनिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिको मात्र स्वामित्व रहने गरी दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा प्रचलित कानून बमोजिम छुट हुनेछ ।

(३) महिला, दलित, यौनिक अल्पसङ्ख्यक र अपाङ्गता भएका उद्यमीले औद्योगिक क्षेत्र वा औद्योगिक ग्रामभित्र नयाँ उद्योग स्थापना गर्न चाहेमा त्यस्तो क्षेत्र सञ्चालन गर्ने निकायले स्थान उपलब्ध गराउन त्यस्ता उद्यमीलाई प्राथमिकता दिनु पर्नेछ।

२८. **<u>औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगहरुका सम्बन्धमा विशेष व्यवस्थाः</u>** औद्योगिक क्षेत्र, औद्योगिक क्लष्टर, औद्योगिक कोरिडोर र उद्योग ग्रामभित्र सञ्चालन भएका उद्योगलाई प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सम्बन्धमा प्रदेश सरकारले आवश्यक निर्णय गरी लागू गर्न सक्नेछ ।

२९. **<u>उद्योगहरुका लागि अन्य सुविधा एवं सहुलियतः</u>** (१) प्रदेश सरकारले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने उद्योगलाई प्रविधि विकास र प्रविधि हस्तान्तरणमा प्रदेश सरकारले आवश्यक निर्णय गरी सहयोग उपलब्ध गराउन गर्न सक्नेछ।

(२) नव प्रवर्तन उद्योगलाई सुरुवाती पूँजीका लागि प्रदेश सरकारले बैंक ब्याजमा तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

(३) औद्योगिक पूर्वाधार विकासमा प्रदेश सरकारले आवश्यक निर्णय गरी सहयोग तथा प्रोत्साहन दिन सक्नेछ।

(४) प्रदेश प्राथमिकता प्राप्त उद्योगहरुको प्रवर्द्धनको लागि प्रदेश सरकारले विशेष सहुलियत उपलब्ध गराउन सक्नेछ ।

(५) उद्यम विकास प्रवर्द्धनका लागि प्रदेश सरकारले उद्यम विकास कोष स्थापना गरी सञ्चालन गर्न सक्नेछ र त्यस्तो कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) प्रदेशमा स्थापना भई सञ्चालनमा रहेका उद्योगहरुलाई उपलब्ध गराईने अन्य छुट, सुविधा, सहुलियत प्रदेश सरकारको वार्षिक बजेट र कार्यक्रम बमोजिम वा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

**३०.** **<u>जग्गा सम्बन्धी व्यवस्था</u>**ः (१) प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमी आफैले खरिद गर्न वा लिजमा लिन सक्नेछ र उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्न वा जग्गा लिजमा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

(२) जग्गा उपलब्ध गराउन समन्वय र सहजीकरण गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**३१.** **<u>लिजमा जग्गा उपलब्ध गराउने</u>:** (१) प्रदेश प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न प्रदेश सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई जग्गा उपलब्ध गराई दिन उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने

सम्बन्धमा आवश्यक कारबाही अगाडि बढाउन मन्त्रालयमा पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्रदेश सरकारले आफ्नो स्वामित्त्वमा रहेको जग्गा प्रचलित कानून बमोजिम उद्योग सञ्चालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश सरकारको स्वामित्त्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए बापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्बन्धी अन्य शर्तहरु प्रदेश सरकार र सम्बन्धित उद्योग बीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम लिजमा जग्गा प्राप्त गरी सञ्चालन भएको उद्योग कुनै कारणवश सञ्चालन हुन नसकेमा उपदफा (३) बमोजिम प्रदेश सरकारले उपलब्ध गराएको जग्गाको लिज सम्झौता स्वतः रद्द हुनेछ र त्यस्तो जग्गा प्रदेश सरकारले बिना शर्त स्वतः फिर्ता पाएको मानिनेछ।

(६) उद्योगलाई लिजमा जग्गा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **जग्गाको अधिकतम् हदबन्दीमा छुटः** (१) कुनै उद्योगलाई आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम राख्न पाउने जग्गाको अधिकतम हद भन्दा बढि भएमा सो बढि भए सम्मको जग्गा राख्ने छुट पाउन त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर उद्योग दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गरी राय सहितको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर उद्योगको आवश्यकता र उद्योगको स्वीकृत स्कीम वा परियोजना प्रस्तावमा उल्लेख भए बमोजिम तोकिएको मापदण्डको अधीनमा रही मन्त्रालयले हदबन्दी भन्दा बढी जग्गा राख्न पाउने गरी छुट दिन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(४) यसरी हदबन्दी भन्दा बढी छुट पाएको उद्योगले उक्त जग्गा जुन प्रयोजनको लागि छुट दिइएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाउने छैन।

(५) उद्योगले प्रचलित कानून बमोजिम हदबन्दीमा छुट पाएको जग्गा स्वीकृत उद्देश्य बमोजिम उपयोग गरे नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले अनुगमन गरी वा गर्न लगाई आवश्यक निर्देशन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको निर्देशन पालना नगरेको पाईएमा त्यस्तो उद्योगले राख्न अनुमति पाएको हदबन्दी भन्दा बढी जग्गा मन्त्रालयको सिफारिसमा नेपाल सरकारले प्रचलित कानून बमोजिम विना शर्त फिर्ता लिन सक्नेछ।

(७) प्रचलित कानून बमोजिम हदबन्दी भन्दा बढी जग्गा राख्न अनुमति प्राप्त उद्योगले त्यसरी हदबन्दी भन्दा बढी राखेको जग्गा बिक्री वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन पाउने छैन।

(८) उद्योगको आवश्यकता, पूँजी र प्रकृतिको आधारमा उद्योगले राख्न पाउने अधिकतम जग्गाको परिमाण, हदबन्दी भन्दा बढी जग्गा उपलब्ध गराउने सम्बन्धी व्यवस्था तथा सो सम्बन्धमा उद्योगले पालना गर्नु पर्ने शर्त लगायतको मापदण्ड भूमि सम्बन्धी प्रचलित कानूनको अधिनमा रही तोकिए बमोजिम हुनेछ।

३३. **प्रोत्साहन, छुट, सुविधा वा सहुलियतको प्रत्याभूतिः** (१) यस ऐन बमोजिम उद्योगलाई उपलब्ध गराइएको प्रोत्साहन, छुट, सुविधा वा सहुलियतमा कम हुने गरी कुनै व्यवस्था गरिने छैन।

तर यस दफाको कुनै व्यवस्थाले थप प्रोत्साहन, छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन बाधा पुऱ्याएको मानिने छैन।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल अघि बहाल रहेको प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी वा दर्ता गरी सञ्चालनमा रहेको उद्योगले सो ऐन बमोजिम अवधि किटिएका प्रोत्साहन, छुट, सुविधा वा सहुलियतका हकमा सोही ऐन बमोजिम र अवधि नकिटिएको प्रोत्साहन, छुट, सुविधा वा सहुलियतका हकमा यस ऐन बमोजिमको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत पाउनेछ ।

(३) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएको वा अनुमति प्राप्त गरेको तर यो ऐन प्रारम्भ भएपछि मात्र व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको उद्योगले यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत पाउनेछ।

तर, त्यस्तो उद्योग दर्ता वा अनुमति प्राप्त गर्दाका बखत कायम रहेको प्रचलित कानून बमोजिम प्रोत्साहन, छुट, सुविधा वा सहुलियत पाउने अवधि यस ऐनले प्रदान गरेको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत भन्दा बढी अवधिको भएमा वा यस ऐन बमोजिम त्यस्तो प्रोत्साहन, छुट, सुविधा वा सहुलियत नपाउने भएमा तत्काल प्रचलित कानून बमोजिमको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत पाउनेछ।

(४) उद्योगहरुलाई उपलब्ध गराइने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

३४. **औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था**ः प्रचलित कानून बमोजिम स्थापना भएका तोकिए बमोजिमका उद्योगका लागि आवश्यकता अनुसार प्रदेश सरकारले तोकिए बमोजिम औद्योगिक सुरक्षा उपलब्ध गराउन सक्नेछ।

३५. **छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने**ः (१) यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ।

(२) कुनै उद्योगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित हुने कुनै कार्य गरेमा त्यस्तो उद्योगलाई प्रचलित कानून वा यो ऐन बमोजिमको प्रोत्साहन, छुट वा सहुलियत प्रदान गरिने छैन।

३६. **एकल बिन्दु सेवा केन्द्रको स्थापनाः** (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्ताले पाउने सेवा, प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सरल एवं सहज प्रक्रियाद्वारा र प्रदेश सरकारका विभिन्न निकायबाट सम्पादन गरिने कार्यहरु समयमै एकै स्थानबाट उपलब्ध गराउने तथा उद्योग स्थापनाको अनुमति, दर्ता, नवीकरण, विस्तार तथा खारेजी सम्मका उद्योग प्रशासन सम्बन्धी सेवाहरु प्रवाह गर्ने प्रयोजनको लागि प्रदेश सरकारले तोकिए बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकल बिन्दु सेवा केन्द्र रहने स्थान, केन्द्रका माध्यमबाट उद्योगहरुलाई पुऱ्याइने सेवा, केन्द्रमा रहने निकायगत प्रतिनिधित्व तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) एकल बिन्दु सेवा केन्द्रमा निकायगत प्रतिनिधित्वको लागि सम्बन्धित निकायले आवश्यक संख्यामा कर्मचारी खटाउनु पर्नेछ र त्यसरी खटाउँदा त्यस्तो कर्मचारीलाई प्रचलित कानूनको अधीनमा रही आवश्यक कार्य गर्न अधिकार समेत प्रत्यायोजन गर्नु पर्नेछ।

(४) एकल बिन्दु सेवा केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **<u>एकल बिन्दु सेवा केन्द्रको काम, कर्तब्य र अधिकारः</u>** (१) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रचलित कानून बमोजिम कम्पनी, फर्म वा उद्योगको दर्ता, अनुमति वा इजाजत, नवीकरण, कारोबार अनुमति, क्षमताबृद्धि र कम्पनी, फर्म वा उद्योगको खारेजी (दामासाही बाहेक) लगायतका उद्योग तथा व्यवसाय प्रशासनसँग सम्बन्धित कार्य गर्ने,

(ख) प्रचलित कानून बमोजिम विदेशी लगानीको स्वीकृतिका लागि सिफारिस सम्बन्धी कार्य गर्ने,

(ग) प्रचलित कानून बमोजिम भिसा सुविधाको सिफारिस सम्बन्धी कार्य गर्ने,

(घ) प्रचलित कानून बमोजिम श्रम स्वीकृति र कार्य सहमति सम्बन्धी कार्य गर्ने,

(ङ) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन सम्बन्धी कार्य गर्ने,

(च) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, सञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गर्ने तथा अन्य निकायहरुको बीच सम्पर्क बिन्दु (फोकल पोइन्ट) सम्बन्धी कार्य गर्ने,

(छ) प्रचलित कानून बमोजिम उद्योग एवं लगानीकर्तालाई प्राप्त हुने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्रदान गर्ने

सम्बन्धमा प्रदेश सरकारबाट भएका निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ज) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र भन्सार विभागबाट प्रदान हुने निकासी, पैठारी संकेत नम्बर लिने कार्य र वण्डेड वेयर हाउसको सहजीकरण सम्बन्धी कार्य गर्ने,

(झ) बोर्डले आफ्ना काम, कर्तब्य र अधिकार अन्तर्गत प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ञ) उद्योगलाई आवश्यक पर्ने खानी लगायतका निकायगत स्वीकृति आवश्यक पर्ने विषयमा निवेदन लिई स्वीकृति पत्र उपलब्ध गराउन निकायगत समन्वय गर्ने,

(ट) उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक समन्वय र सहजीकरण गर्ने, लिजमा जग्गा उपलब्ध गराउन सहयोग गर्ने र हदबन्दी भन्दा बढी जग्गा उपलब्ध गराउन आवश्यक समन्वय गर्ने,

(ठ) आयात अनुमति लिनु पर्ने मालवस्तु भएमा प्रचलित कानून बमोजिम अनुमति दिनका लागि सिफारिस गर्ने,

(ड) सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने,

(ढ) उद्योग व्यवसायलाई आवश्यक पर्ने सबै प्रकारका सिफारिस तथा सहजीकरणको कार्य गर्ने,

(ण) मन्त्रालय र बोर्डको निर्णय वा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(त) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य कार्यहरु गर्ने।

(२) यस दफा बमोजिम एकल बिन्दु सेवा केन्द्रले गरेको निर्णय सम्बन्धित निकायले कार्यान्वयन गर्नु पर्नेछ ।

(३) एकल बिन्दु सेवा केन्द्रको सञ्चालन, व्यवस्थापन एवं सो केन्द्रबाट प्रदान गरिने सेवा सुविधा तथा सहुलियत र सो को प्रक्रिया सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–६

## रुग्ण उद्योग सम्बन्धी व्यवस्था

**३८. रुग्ण उद्योगको पहिचान**: (१) उद्योगले आफ्ना व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँच वर्षसम्म सञ्चालनमा रही उद्योगको आफ्नै नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबु बाहिरको परिस्थिति परि लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमताभन्दा तीस प्रतिशत वा सो भन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई तोकिए बमोजिमको मापदण्डका आधारमा तोकिए बमोजिमको कार्यविधि अपनाई प्रदेश सरकारले रुग्ण उद्योगको रुपमा घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारबाट रुग्ण घोषित भएको उद्योगको सञ्चालनको लागि लगानीकर्ताको सहमतिमा कुनै सहकारी संस्थाले सञ्चालनको प्रस्ताव गरेमा त्यस्तो सहकारी संस्थाको क्षमता उपयुक्तता र सम्भाव्यता समेत हेरी तोकिएको शर्तहरुको अधिनमा रही त्यस्तो सहकारी संस्था मार्फत उद्योग सञ्चालन गराउन सकिनेछ।

**३९. रुग्ण उद्योगको वर्गीकरण**: दफा ३८ बमोजिम पहिचान भएका उद्योगहरुलाई तोकिए बमोजिमको मापदण्डका आधारमा पूर्ण रुग्ण, रुग्ण र रुग्ण उन्मुख उद्योगका रुपमा वर्गीकरण गरी त्यस्ता

उद्योगहरुको व्यवस्थापनका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्न सकिनेछ।

४०. **रुग्ण उद्योगको सुविधा, सहुलियत तथा छुट सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३८ बमोजिम रुग्ण उद्योगको रुपमा पहिचान भएको वा दफा ३९ बमोजिम वर्गीकरण गरिएको उद्योगले त्यस्तो उद्योगको विस्तार, पुर्नसंरचना वा विविधिकरणका लागि आयात गर्ने मेसिनरी औजार वा उपकरणमा प्रदेश सरकारले महसुल, शुल्क वा करमा पूर्ण वा आंशिक छुट दिन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) दफा ३८ बमोजिम रुग्ण भई बन्द अवस्थामा रहेको उद्योगलाई सो उद्योगले पेश गरेको स्कीम वा परियोजना प्रस्ताव तथा मन्त्रालयबाट भएको अध्ययनबाट निश्चित छुट, सुविधा वा सहुलियत उपलब्ध गराउँदा पुनःसञ्चालनमा आउन सक्ने देखिएमाप्रदेश सरकारले त्यस्तो उद्योगको पुनरुत्थान, पुन:निर्माण तथा व्यवस्थापन गर्न निश्चित अविधका लागि तोकिए बमोजिमको छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन सक्नेछ।

तर पूर्ण रुग्ण उद्योगको हकमा भने कुनै छुट, सुविधा वा सहुलियत उपलब्ध गराइने छैन।

४१. **रुग्ण उद्योग सम्बन्धी संस्थागत व्यवस्था:** (१) यस परिच्छेद बमोजिम रुग्ण उद्योगको पहिचान, वर्गीकरण, पुनरुत्थान, पुन:निर्माण र व्यवस्थापनका लागि सुझाव दिन प्रदेश सरकारले सम्बन्धित क्षेत्रका विशेषज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिको संरचना, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–७

## जरिवाना सम्बन्धी व्यवस्था

४२. **जरिवाना**: (१) कसैले यस ऐनको दफा ३ बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई तत्काल बन्द गर्न लगाई देहाय बमोजिमको जरिवाना गर्नेछ ।

(क) लघु उद्यम तथा घरेलु उद्योगको हकमा तीन हजार रुपैयाँ,

(ख) साना उद्योगको हकमा पच्चीस हजार रुपैयाँ,

(ग) मझौला उद्योगको हकमा पचास हजार रुपैयाँ,

(घ) ठूला उद्योगको हकमा एकलाख रुपैयाँ।

(२) कुनै उद्योगले आफ्नो उद्देश्य विपरीत कार्य गरेमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिवाना गर्नेछ।

(क) लघु उद्यम तथा घरेलु उद्योगको हकमा दुई हजार रुपैयाँ,

(ख) साना उद्योगको हकमा पचास हजार रुपैयाँ,

(ग) मझौला स्तरको उद्योग भए एक लाख रुपैयाँ,

(घ) ठूला स्तरको उद्योग भए पाँच लाख रुपैयाँ।

(३) कुनै उद्योगले दफा ९ बमोजिम तोकिएको अविधभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी नदिएमा उद्योग दर्ता गर्ने निकायले देहाय बमोजिमको जरिवाना गर्नेछ ।

(क) लघु उद्यम तथा घरेलु उद्योगको हकमा प्रत्येक छ महिनाको लागि दुई हजार रुपैयाँ,

(ख) साना उद्योगको हकमा प्रत्येक छ महिनाको लागि दश हजार रुपैयाँ,

(ग) मझौला तथा ठूला उद्योगको हकमा प्रत्येक छ महिनाको लागि पच्चीस हजार रुपैयाँ ।

(४) कुनै उद्योगले दफा ११ बमोजिम स्वीकृति नलिई उद्योगको स्थानान्तरण गरेमा वा दफा १२ बमोजिम स्वीकृति नलिई पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन गरेमा उद्योग दर्ता गर्ने निकायले देहायको जरिवाना गर्न गर्न सक्नेछ ।

(क) लघु उद्यम तथा घरेलु उद्योगको हकमा पाँच हजार रुपैयाँसम्म,

(ख) साना उद्योगको हकमा पच्चीस हजारदेखि पचास हजार रुपैयाँसम्म,

(ग) मझौला तथा ठूला उद्योगको हकमा एक लाखदेखि तीन लाख रुपैयाँसम्म ।

(५) कुनै उद्योगले दफा १३ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई देहाय बमोजिम जरिवाना गर्नेछ।

(क) लघु उद्यम तथा घरेलु उद्योगलाई एक हजार रुपैयाँ,

(ख) साना उद्योगलाई पाँच हजार रुपैयाँ,

(ग) मझौला उद्योगलाई दश हजार रुपैयाँ,

(घ) ठूला उद्योगलाई पच्चीस हजार रुपैयाँ।

(६) कुनै उद्योगले दफा ३५ विपरीत हुने गरी कुनै कार्य गरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले त्यस्तो उद्योगलाई प्रोत्साहन, छुट, सुविधा वा सहुलियत जुनसुकै बखत रोक्का गर्न वा त्यस्तो सहुलियत प्राप्त गरिसकेको भए प्राप्त गरेको छुट, सुविधा

वा सहुलियतको रकम असूल गर्ने र सो बराबरको रकम जरिवाना गर्न सक्नेछ ।

(७) कुनै उद्योगले दफा ५१ बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी बहन नगरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले त्यस्तो वार्षिक खुद मुनाफाको एक दशमलव पाँच प्रतिशतले हुन आउने रकम जरिवाना गर्न सक्नेछ ।त्यस्तो जिम्मेवारी एक आर्थिक वर्षभन्दा बढी अवधिमा बहन नगर्ने उद्योगलाई प्रति वर्ष खुद मुनाफाको शुन्य दशमलव पाँच प्रतिशतका दरले थप जरिवाना गर्नेछ ।

(८) कुनै उद्योगले दफा ५ को उपदफा (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय–समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले देहाय बमोजिमको जरिवाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा तीन हजार रुपैयाँ,

(ख) घरेलु उद्योगको हकमा पाँच हजार रुपैयाँ,

(ग) साना उद्योगको हकमा दुई लाख देखि पाँच लाख रुपैंयाँसम्म,

(घ) मझौला उद्योगको हकमा पाँच लाख देखि दश लाख रुपैंयाँसम्म, र

(ङ) ठूला उद्योगको हकमा पन्ध्र लाख देखि तीस लाख रुपैंयाँसम्म ।

(९) उपदफा (८) बमोजिम जरिवाना गर्दा समेत दफा ५ को उपदफा (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा त्यस्तो उद्योगलाई निश्चित अवधिका लागि मन्त्रालयले उद्योग

सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्तो उद्योगको दर्ता वा अनुमति खारेज गर्न आदेश दिन सक्नेछ।

(१०) कुनै उद्योगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नुपर्ने शर्त वा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले समय-समयमा दिएको निर्देशन पालना नगरेमा त्यस्तो उद्योगलाई उद्योग दर्ता गर्ने निकायले देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ।

(क) लघु उद्यम तथा घरेलु उद्योगको हकमा पाँच हजार रुपैयाँसम्म,

(ख) साना उद्योगको हकमा पचास हजार देखि एकलाख रुपैयाँसम्म,

(ग) मझौला उद्योगको हकमा एक लाख पचास हजार देखि तीनलाख रुपैयाँसम्म,

(घ) ठूला उद्योगको हकमा दुई लाख पचास हजार देखि तीनलाख रुपैयाँसम्म,

(११) यस दफामा लेखिए देखि बाहेक यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गर्ने उद्योगलाई उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ ।

(क) लघु उद्यम तथा घरेलु उद्योगको हकमा पन्ध्र हजार रुपैयाँसम्म,

(ख) साना उद्योगको हकमा पन्ध्र हजार देखि तीसहजार रुपैयाँसम्म,

(ग) मझौला उद्योगको हकमा तीस हजार देखि पचास हजार रुपैयाँसम्म,

(घ) ठूला उद्योगको हकमा पचास हजार देखि एक लाख रुपैयाँसम्म

(१२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहबाट दर्ता तथा नियमन हुने उद्योगलाई जरिवाना र कारबाही गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

४३. **सरकारी बाँकी सरह असुल गरिने:** यस ऐन बमोजिम लागेको जरिवाना रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

४४. **सफाई पेश गर्ने मौका दिने:** यस परिच्छेद बमोजिम कुनै उद्योगलाई सजाय गर्नुभन्दा अघि सजाय गर्ने अधिकारप्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा प्रमाण पेश गर्न पन्ध्र दिनको समय दिनु पर्नेछ ।

४५. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** यस परिच्छेद बमोजिम भएको जरिवानाको आदेश उपर चित्त नबुझेमा जरिवानाको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले एक तह माथिको निकाय समक्ष पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-८
## विविध

४६. **प्रदेश व्यवसाय प्रवर्द्धन मञ्च सम्बन्धी व्यवस्थाः** (१) उद्योग व्यवसायसँग सम्बन्धित नीति एवम् कानूनको प्रभावकारी कार्यान्वयन, समन्वय तथा सहजीकरण सम्बन्धी विषयमा सार्वजनिक र निजी क्षेत्रबीच नियमित संवाद एवम् सहकार्यलाई प्रवर्द्धन गर्न, उद्योग व्यवसाय सञ्चालन र लगानी अभिवृद्धिमा आई पर्ने बाधा अवरोध तथा समस्याको पहिचान गरी प्रदेश सरकारलाई आवश्यक सुझाव तथा सिफारिस गर्न, त्यस्ता

सिफारिसहरुको कार्यान्वयन र अनुगमन गर्न सघाउन र सार्वजनिक एवम् निजी क्षेत्रबीच नियमित, परिमाणमुखी र पारदर्शी संवादका लागि संस्थागत आधार प्रदान गर्ने उद्देश्यले प्रदेश सरकारले निजी क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी प्रदेश व्यवसाय प्रवर्द्धन मञ्चको गठन गर्न सक्नेछ।

(२) प्रदेश व्यवसाय प्रवर्द्धन मञ्चको गठन, संरचना, काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४७. **औद्योगिक जनशक्तिः** (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय स्तरको सार्वजनिक पत्रपत्रिकामा विज्ञापन प्रकाशन गर्दा समेत उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिक मध्येबाट उपलब्ध हुन नसकेमा वा उच्च व्यवस्थापन तहको पदमा उपदफा (३) बमोजिम दर्ता गर्ने निकायको सिफारिसमा प्रचलित कानून बमोजिम श्रम स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि दर्ता गर्ने निकायले सिफारिस गर्दा त्यस्तो उद्योगले माग गरे बमोजिमको सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्न प्रयास गरेको, त्यस्तो सीप वा दक्षता भएको जनशक्ति उद्योगलाई आवश्यक भएको र त्यस्तो जनशक्ति नेपालमा उपलब्ध हुन नसकेको यकिन गरी सम्बन्धित उद्योगलाई आवश्यक भएको जनशक्ति नेपालमा उपलब्ध हुन नसक्ने अवस्था रहेको देखिएमा श्रम स्वीकृतिका लागि सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त गरिएको विदेशी नागरिक विशिष्ट प्रकारको प्राविधिक भई त्यस्तो जनशक्ति नेपालभित्र उपलब्ध

हुन नसक्ने भएमा उपदफा (३) बमोजिम स्वीकृति लिई त्यस्तो जनशक्तिलाई थप दुई वर्षसम्मको लागि पुनःनियुक्त गर्न सकिनेछ ।

(५) उपदफा (२) बमोजिम कुनै उद्योगमा विदेशी नागरिक नियुक्त भएमा प्रचलित कानून बमोजिमको पारिश्रमिक रकम परिवर्त्य विदेशी मुद्रामा लैजान पाउनेछ।

(६) उद्योगमा कार्यरत श्रमिकले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी कुनै बन्द, हडताल वा यस्तै प्रकारका अन्य कुनै गतिविधि गर्न पाउने छैनन्। उद्योगमा कार्यरत श्रमिकले आफ्ना मागहरु प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरी शान्तिपूर्ण ढङ्गले व्यवस्थापन समक्ष राखी आपसी समझदारीमा समाधान गर्नु पर्नेछ ।

(७) उद्योगमा काम गर्ने श्रमिक र उद्योगबीच उत्पन्न व्यक्तिगत वा सामुहिक विवादको समाधान श्रम सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ ।

(८) श्रमिकको कारणबाट उद्योग सञ्चालन तथा त्यसको उत्पादनमा बाधा वा अवरोध पुग्ने गरी कुनै प्रकारको गतिविधि भई उद्योग बन्द भएमा त्यसरी उद्योग बन्द गर्ने वा काम नगर्ने श्रमिक तथा कर्मचारीलाई त्यसरी काम नगरेको अवधिभरको पारिश्रमिक उपलब्ध गराउन सम्बन्धित उद्योग वा प्रतिष्ठान बाध्य हुने छैन ।

४८. <u>करार गरी उत्पादन गर्न सक्ने</u>: (१) प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सव–कन्ट्र्याक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन्।

(२) कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहका लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी उपदफा (१) बमोजिम करार

(कन्ट्र्याक्ट) वा उपकरार (सब–कन्ट्र्याक्ट) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्तो उद्योगलाई प्रचलित कानून बमोजिमको प्रोत्साहन छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ ।

(३) करार (कन्ट्र्याक्ट) वा उपकरार (सब–कन्ट्र्याक्ट) गरी उत्पादन गर्न सकिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

४९. **प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन कोषः** (१) प्रदेश सरकारले प्रदेशको औद्योगिक लगानी प्रवर्द्धन तथा संरक्षणका लागि एक प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन कोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी उद्योग, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको उद्यम विकास कोषमा रहेको रकम,

(ङ) विदेशी व्यक्ति वा सरकार, अन्तरराष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने द्विपक्षीय वा बहुपक्षीय अनुदान वा सहयोग रकम,

तर विदेशी व्यक्ति वा सरकार, अन्तरराष्ट्रिय संघ संस्थाबाट अनुदान वा सहयोग प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम देहायका कार्यमा खर्च गर्न सकिने छ।

(क) लघु उद्यम, घरेलु तथा साना उद्योग विकास,

(ख) प्रविधि विकास तथा प्रविधि हस्तान्तरण,

(ग) औद्योगिक प्रवर्द्धन,

(घ) रुग्ण उद्योग पुनरुत्थान, पुनःनिर्माण तथा व्यवस्थापन,

(ङ) महिला, दलित, यौनिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिको उद्यमशीलता विकास,

(च) स्टार्ट अप व्यवसाय प्रवर्द्धन ।

(४) कोषको रकम उपदफा (३) बमोजिम खर्च गर्दा कोषको स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही लगानी तथा खर्च गर्नु पर्नेछ।

(५) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५०. दोहोरो सुविधा प्रदान गर्न नहुनेः** (१) यस ऐन वा प्रचलित कानून बमोजिम कुनै उद्योगलाई सेवा, सुविधा वा सहुलियत प्रदान गर्दा एकै शीर्षकमा दोहोरो पर्ने गरी कुनै सेवा, सुविधा वा सहुलियत प्रदान गर्नु हुँदैन ।

(२) प्रदेश सरकारले यस ऐन बमोजिम कुनै उद्योगलाई प्रदान गरेको सेवा, सुविधा वा सहुलियतको जानकारी नेपाल सरकारको सम्बन्धित विभाग र स्थानीय तहले कुनै उद्योगलाई प्रदान गरेको सेवा, सुविधा वा सहुलियतको जानकारी निर्देशनालयलाई दिनु पर्नेछ ।

**५१. व्यावसायिक सामाजिक जिम्मेवारीः** (१) मझौला वा ठूला उद्योग र वार्षिक पन्ध्र करोड रुपैयाँ भन्दा बढी कारोबार गर्ने घरेलु वा साना उद्योगले वार्षिक कूल मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुट्याउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका उद्योगले उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षमा सम्पन्न गरेको कार्यक्रम र त्यस्तो कार्यक्रममा खर्च गरेको रकमको विवरण आर्थिक वर्ष व्यतित भएको छ महिना भित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकायमा पेश गर्नु पर्नेछ ।

(४) व्यवसायिको सामाजिक जिम्मेवारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. **उद्योग ग्राम, औद्योगिक कोरिडोर, औद्योगिक पार्क, औद्योगिक क्लष्टर तथा औद्योगिक क्षेत्र घोषणा गर्न सक्ने**ः औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमका मापदण्डका अधिनमा रही प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी उद्योग ग्राम, औद्योगिक कोरिडोर, औद्योगिक पार्क, औद्योगिक क्लष्टर तथा औद्योगिक क्षेत्र घोषणा गरी तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ।

५३. **भवन बनाउन वा बस्ती बसाउन नसकिने**ः दफा ५२ बमोजिम स्थापना हुने औद्योगिक क्षेत्र, औद्योगिक कोरिडोर, औद्योगिक पार्क तथा औद्योगिक क्लष्टरमा तोकिएको क्षेत्र र दूरीभित्र कुनै पनि किसिमको आवासीय भवन वा अन्य भवन बनाउन वा बस्ती बसाउन सकिने छैन र प्रचलित कानूनले आवासक्षेत्र एवम् विशेष प्रयोजनको लागि भनी तोकेको क्षेत्रमा उद्योग स्थापना गर्न पाइने छैन।

५४. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** (१) उद्योग दर्ता गर्ने निकायले यस ऐन बमोजिम उद्योग प्रशासन सम्बन्धी तोकिए बमोजिमका काम

कारबाहीलाई सरल र सहज बनाउन विद्युतीय कारोबार सम्बन्धी प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट सम्पादन गर्न सकिने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) प्रदेशले संघ र स्थानीय तहसँग उद्योग प्रशासन सम्बन्धी अभिलेख, औद्योगिक तथ्याङ्क तथा सूचना एकीकृत विद्युतिय प्रणालीमा आबद्ध गराउन सक्नेछ ।

**५५.** **अख्तियारनामा दिन सकिने:** (१) यस ऐन बमोजिम दर्ता हुने कुनै उद्योग वा सो उद्योगमा स्वामित्व भएको व्यक्तिले आफुले गर्नुपर्ने केही वा सबै काम गर्नको निमित्त कुनै व्यक्तिलाई अख्तियारनामा दिन सक्नेछ ।

तर हक हस्तान्तरण सम्बन्धी विषयमा उद्यमी स्वयं उपस्थित हुनुपर्ने वा कानून बमोजिम अधिकृत वारेशनामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको अख्तियारनामा बमोजिम काम गर्न त्यस्तो अख्तियारनामाको प्रमाणित प्रतिलिपि र अख्तियारी प्राप्त व्यक्तिको परिचय खुल्ने कागजात उद्योग दर्ता गर्ने निकायमा पेश गर्नु पर्नेछ । उद्योग दर्ता गर्ने निकायले आवश्यक ठानेमा त्यस्तो अख्तियारनामाको सक्कल हेर्न सक्नेछ ।

**५६.** **म्याद थप सम्बन्धी विशेष व्यवस्था:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम उद्योग दर्ता भई उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने म्याद समाप्त भई उद्योग सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका उद्योग वा यस अघि म्याद थप भई थपिएको म्याद भित्र उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार गर्न नसकी म्याद गुजारेका उद्योगले निवेदन दिन पाउने गरी एक पटकका लागि यो ऐन प्रारम्भ भएको छ महिना भित्र म्याद थपका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग दर्ता गर्ने निकायले म्याद थप गर्नु पर्ने मनासिब कारण देखेमा यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी देहाय बमोजिमको विलम्ब शुल्क लिई म्याद थप गर्न सक्नेछः-

(क) लघु उद्यम तथा घरेलु उद्योगको हकमा प्रतिवर्ष पाँच हजार रुपैंयाका दरले,

(ख) साना उद्योगको हकमा प्रतिवर्ष पन्ध्र हजार रुपैयाँका दरले,

(ग) मझौला उद्योगको हकमा प्रतिवर्ष पचास हजार रुपैयाँका दरले,

(घ) ठूला उद्योगको हकमा प्रतिवर्ष एक लाख पचास हजार रुपैयाँका दरले ।

(३) उपदफा (२) बमोजिम कुनै उद्योगको म्याद थप सम्बन्धी निर्णयको जानकारी निर्णय भएको सात कार्य दिन भित्र सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

**५७. स्थानीय तहले उद्योग प्रशासन सम्बन्धी कार्य गर्न सक्नेः** (१) लघु उद्यम र दश लाखसम्म स्थिर पुंजी भएका घरेलु तथा साना उद्योगको दर्ता, प्रशासन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित स्थानीय तहले कार्यविधि बनाई यस ऐन बमोजिम गर्न सक्नेछ।

(२) स्थानीय तहले उद्योग प्रशासन सम्बन्धी कार्यविधि बनाइ लागू नगरेसम्म उपदफा (१) बमोजिमका उद्योगहरुको दर्ता, प्रशासन तथा नियमन सम्बन्धी कार्य यसै ऐन बमोजिम गर्न बाधा पर्ने छैन।

**५८. अधिकार प्रत्यायोजनः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम मन्त्रालय र निर्देशनालयलाई प्राप्त भएको अधिकारमध्ये सबै वा

कुनै अधिकार आवश्यकता अनुसार मातहतका निकाय वा प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ।

५९. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

६०. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ।

६१. **यसै ऐन बमोजिम हुनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ।

६२. **नियम बनाउने अधिकारः** यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६३. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेः** (१) मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही उद्योग प्रशासन सम्बन्धी काम कारबाहीलाई सहज र सरल बनाउन देहायका विषयमा आवश्यकता अनुसार निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(क) उद्योग दर्ता तथा नियमन,

(ख) स्वदेशी उत्पादनको प्रवर्द्धन,

(ग) उद्योगलाई उपलब्ध गराईने छुट, सुविधा वा सहुलियत,

(घ) औद्योगिक क्षेत्र, औद्योगिक कोरिडोर, औद्योगिक पार्क, औद्योगिक क्लष्टर र औद्योगिक ग्राम सम्बन्धमा,

(ङ) कोषको सञ्चालन र परिचालन,

(च) सेवा प्रवाहमा विद्युतीय माध्यमको प्रयोग,

(छ) रुग्ण उद्योग सम्बन्धी,

(ज) प्रदेश एकल विन्दु सेवा सञ्चालन सम्बन्धी,

(झ) व्यावसायिक सामाजिक जिम्मेवारी सम्बन्धी।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले विद्युतीय सेवा प्रवाहको प्रक्रिया समेतको सम्बन्धमा आवश्यक कार्य सञ्चालन कार्यविधि (स्टाण्डर्ड अपरेटीङ प्रोसिड्योर) बनाई लागू गर्न सक्नेछ।

६४. <u>खारेजी र बचाउ:</u> (१) औद्योगिक व्यावसाय ऐन, २०७५ खारेज गरिएको छ।

(२) औद्योगिक व्यावसाय ऐन, २०७५ बमोजिम भए गरेका काम कारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा १७ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**घरेलु उद्योग**

१. हात वा खुट्टाले चलाउने र अर्ध स्वचालित तान (ह्यण्ड लुम, पेडल लुम, सेमी अटोमेटिक लुम) कपडा बेर्ने (न्यापिङ) परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,
२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सो मा आधारित वस्तु,
३. परम्परागत कलामा आधारित वस्तु,
४. परम्परागत मूर्तीकला,
५. तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भर जस्ता धातुबाट हस्त निर्मित भाँडा वर्तन तथा हस्तकलाका सामान,
६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,
७. सुन वा चाँदीबाट हस्त निर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु (वहुमूल्य, अर्ध-वहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत),
८. स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण टयानिङ्ग/छालाबाट हस्त निर्मित वस्तुहरु
९. जुट, सवाई घाँस, चोया, बाबियो, सुती धागो, अल्लो, पटेर आदि प्राकृतिक रेशामा आधारित उद्योग,
१०. पत्थरकला (ढुङ्गा कुँदेर बनाइएका सामानहरु),
११. पौभा, थाङ्का, चित्र र अन्य परम्परागत चित्रकला,
१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,
१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,
१४. काठ, हाड तथा सिङ, माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,
१५. हातले छाप्ने इँटा उद्योग ।

## अनुसूची-२

(दफा १७ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

**ऊर्जामूलक उद्योग**

१. जलस्रोत, वायू, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्यास, वायोग्यास, वायोमास वा अन्य स्रोतहरुबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

२. प्रादेशिक विद्युत प्रसारण लाइन,

३. विद्युत वितरण प्रणाली,

४. ऊर्जाको सम्भाब्यता अध्ययन,

५. उर्जा सम्बन्धी अन्य नविनतम् उद्योग।

## अनुसूची-३

दफा १७ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित

**कृषि तथा वन पैदावारमा आधारित उद्योग**

१. फलफूल खेती वा फलफूल प्रशोधन,

२. खाद्यवस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण,

३. पशुपालन, पंक्षीपालन (अष्ट्रिच समेत) पशुपंक्षी प्रजनन, चल्ला काड्ने व्यवसाय र मासु उत्पादन तथा प्रशोधन,

४. दूध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन उद्योग (दूधजन्य परिकार उत्पादन समेत)

५. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवम् प्याकेजिङ्ग,

६. कृषि उपज प्रमुख कच्चापदार्थ हुने पशुपक्षीको दाना उत्पादन (साइलेज) उद्योग,

७. रेशम खेती तथा रेशम प्रशोधन,

८. चिया बगान, चिया प्रशोधन

९. कफी खेती, कफी प्रशोधन,

१०. जडिबुटी खेती, जडिबुटी प्रशोधन,

११. तरकारी बीउ बिजन उत्पादन,

१२. तरकारी खेती, तरकारी प्रशोधन,

१३. नरिवल, सुपारी र अल्लो खेतीमा आधारित उद्योग,

१४. हरित गृह (ग्रिन हाउस) स्थापना र सञ्चालन,

१५. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),

१६. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),

१७. नर्सरी व्यवसाय वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत),

१८. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,
१९. शीत भण्डार कृषि बजार सञ्चालन तथा व्यवस्थापन,
२०. सामुदायिक, कबुलियति साझेदारी, निजी वन तथा कृषि वनको स्थापना र व्यवस्थापन, अन्य गैर काष्ठजन्य वन पैदावार,
२१. नगदेवालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास सनपाट सजिवन, स्वीट सरघम, सुर्ती जुट अलैची, अदुवा, बेसार ,केशर, तेलहन मसला बाली, दलहन आदि तथा तिनको बीउ उत्पादन),
२२. दुनाटपरी उद्योग,
२३. सिस्नो, टिमुरमा आधारित उद्योग,
२४. बेत बाँस खेती, बेत बाँस तथा अन्य प्राकृतिक रेशाजन्य उत्पादनहरु,
२५. बीउ बिजन प्रशोधन,
२६. सःमिल, फर्निचर लगायतका काष्ठ उद्योग,
२७. पार्केटिङ्ग, सिजनिङ्ग, ट्रिटमेण्ट प्लाण्ट, प्लाइउड, कम्पोजिट, बोर्ड जस्ता काष्ठजन्य उद्योग,
२८. च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग (टिस्युकल्चर), एग्रोफरेष्ट,
२९. कपास खेती, कपास र कपासको बीउ उत्पादन तथा प्रशोधन गर्ने,
३०. कागज, रेजिन,
३१. अन्य कृषि तथा गैर काष्ठजन्य वन पैदावरमा आधारित उद्योग।

## अनुसूची-४

(दफा १७ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

**निर्माणजन्य उद्योग**

१. सडक, पूल, सुरुङ्ग,
२. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ्गकार,
३. औद्योगिक संरचना एवम् पूर्वाधार कम्प्लेक्स,
४. सभा सम्मेलन केन्द्र,
५. ढल तथा ढल निकास,
६. खानेपानी आपूर्ति तथा वितरण,
७. सिँचाइ पूर्वाधार,
८. खेलकुद गृह, रङ्गशाला,
९. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,
१०. कार्गो कम्प्लेक्स,
११. दूषित पानी प्रशोधन केन्द्र,
१२. घर तथा आवास भवन,
१३. फिल्म सिटि निर्माण, फिल्म स्टुडियो निर्माण,
१४. व्यापारिक कम्प्लेक्स,
१५. निजी वेयर हाउस,
१६. उर्जा घर तथा उर्जा प्रसारण लाईनको पुर्वाधार निर्माण व्यवस्थापन तथा सञ्चालन,
१७. निर्माणसँग सम्बन्धी अन्य नविनतम् उद्योग।

## अनुसूची-५

(दफा १७ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

**पर्यटन उद्योग**

१. पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेष्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज, स्पा,

३. साहसिक पर्यटनः ट्रेकिङ, स्किइङ्ग, पाराग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोनिङ, प्यारासेलिङ्ग, अल्ट्रालाइट, बोटिङ, घोडचढी, हात्तीचढी, हिमाल आरोहण, जिपफ्लायर, स्काइवाकिङ, स्काइडाइभिङ, बन्जी जम्पिङ्ग, गल्फ कोर्स, पोलो, पोनी टेकिङ्ग, स्काई साईक्लिङ, जिपलाइन लगायतका साहसिक खेल,

४. केबुलकार निर्माण गरी सञ्चालन गर्ने उद्योग,

५. ग्रामीण पर्यटन, होम-स्टे तथा पर्यावरणीय पर्यटन,

५. साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,

६. मनोरञ्जन पार्क, कठपुतली तथा रोवोटिक थियटर लगायतका रोवोटिक पर्यटन,

७. संग्राहलय, चिडियाखाना,

८. मनोरञ्जन पर्यटन सम्बन्धी अन्य नविनतम् उद्योग।

## अनुसूची-६

(दफा १७ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित)

## सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग

## खण्ड (क)

### सूचना प्रविधि उद्योग

१. टेक्नोलोजी पार्क,

२. आई.टि. पार्क,

३. वायोटेक पार्क,

४. सफ्टवेयर विकास,

५. कम्प्यूटर तथा सम्बन्धित सेवाहरु,

६. तथ्याङ्क प्रशोधन,

७. साइवर क्याफे,

८. डिजिटल म्यापिङ्ग,

९. विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वि.पि.ओ.),

१०. डाटा माइनिङ्ग, क्लाउड कम्प्यूटिङ्ग,

११. सूचना प्रविधि सम्बन्धी अन्य नविनतम् उद्योग।

## खण्ड (ख)

### सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग

१. एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,

२. डिजिटल भू–सतही टेलिभिजन, स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन,

३. आइपिटिभी, अनलाइन सेवा,

४. डिजिटल केबुल टि.भी. नेटवर्क, डाइरेक्ट–टू–होम स्याटलाइट सेवा, एम.एम.डि.एस. नेटवर्क,

५. रेकर्डिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,

६. प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

७. सिनेमा उत्पादन, सिनेमाहल, मल्टिल्पेलक्स सिनेमा हल, फिल्म सिटी निर्माण, फिल्म स्टूडियो निर्माण।

## अनुसूची - ७

(दफा १७ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

**सेवामूलक उद्योग**

१. यान्त्रिक कार्यशाला (वर्कशप),

२. छापाखाना तथा छपाई सम्बन्धी सेवा, फ्लेक्स प्रिन्ट र मेटल प्रिन्ट सेवा समेत,

३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,

४. जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय,

५. भन्सार एजेण्ट सेवा,

६. प्रदर्शनी सेवा,

७. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,

८. निर्माण व्यवसाय,

९. सार्वजनिक यातायात व्यवसाय,

१०. फोटोग्राफी,

११. अस्पताल,

१२. नर्सिङ्ग होम, क्लिनिक, पोलिक्निक, पुनर्स्थापना गृह सञ्चालन, फिजियोथेरापि क्लिनिक प्राकृतिक चिकित्सा आयुर्वेदिक तथा अन्य वैकल्पिक अस्पताल

१३. पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,

१४. प्रयोगशाला,

१५. खेलकुद सेवा, स्वीमिङ पुल,

१६. शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य),

१७. हाउस वायरिङ्ग, पोल वायिरङ्ग, ग्राउण्ड वायरिङ्ग, पाइप वायरिङ्ग, इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,

१८. फोहोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनःप्रशोधन,

१९. घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,

२०. निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन,

२१. पशु चिकित्सा सेवा,

२२. व्याट्री रिचार्जिङ्ग,

२३. स्वास्थ्य परीक्षण (एक्स–रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,

२४. निर्माण भइसकेका पूर्वाधारहरुको सञ्चालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्यास आपूर्ति सम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, बसपार्क, रङ्गशाला, स्पोर्टस् कम्प्लेकस, रोपवे, सडक, सिँचाइ, विद्युत प्रशारण, विद्युत गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (आई.सि.डि.) आदि सेवा सञ्चालन गर्ने) व्यवसायहरु,

२५. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,

२६. कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),

२७. ढुवानी तथा कार्गो व्यवसाय, कुरियर सेवा,

२८. प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (अनुमति लिनु पर्ने उद्योग वाहेक),

२९. जनशक्ति आपूर्ति सेवा (स्वदेश भित्र मात्र),

३०. ड्राइक्लिनिङ्ग व्यवसाय,

३१. व्यूटी पार्लर,

३२. आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),

३३. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,
३४. प्रकाशन सेवा,
३५. विज्ञापन सेवा,
३६. विज्ञापन सामग्री तयार गर्ने सेवा,
३७. समाचार सम्प्रेषण सेवा,
३८. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण,
३९. माटो परिक्षण (स्वायल टेष्टिङ्ग) सेवा,
४०. स्वास्थ्य (हेल्थ) क्लब,
४१. पानी ढुवानी तथा वितरण सेवा,
४२. जुलोजिकल पार्क सञ्चालन,
४३. जियोलोजिकल पार्क सञ्चालन,
४४. व्यवसाय सम्बर्द्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस),
४५. व्यापारिक कम्प्लेक्स सञ्चालन,
४६. वायोटेक पार्क,
४८. मल्टिप्लेक्स थियटर,
४९. सिलाई बुनाई, बुटिक,
५०. अनुसन्धान तथा विकास सेवा,
५१. मेशिन उपकरण भाडामा उपलब्ध गराउने,
५२. उपकरण मर्मत तथा जडान रेडी मिक्स कंक्रिट,
५३. पार्टिप्यालेस, क्याटरिङ, टेन्टहाउस, साउण्ड सर्भिस,
५४. रोजगारीका लागि सम्पर्क सेवा (स्वदेशका लागि मात्र)
५५. कबाड संकलन तथा प्रशोधन,
५६. सेवासम्बन्धी अन्य नविनतम् उद्योग।

## अनुसूची-८

(दफा १९ सँग सम्बन्धित)

**प्रदेश प्राथमिकता प्राप्त उद्योग**

१. कृषि तथा वन पैदावारमा आधारित उद्योग,

२. निर्माण उद्योग,

३. निर्यातमूलक उद्योग,

४. उर्जामूलक उद्योगहरु,

५. प्रदेश सरकारले आवश्यक मापदण्ड बनाई उच्च मूल्य र न्यून तौल आयतन भएको पहिचान गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका वस्तु उत्पादन गर्ने उद्योग तथा प्रदेश भित्र उपलब्ध हुने कच्चा पदार्थमा आधारित आयात प्रतिस्थापन गर्न सहयोग गर्ने उद्योग,

६. पूर्वाधार सहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा पर्यटन, वाटर र्‍याफ्टिङ, सभा सम्मेलन पर्यटन, खेलकूद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, वन्यजन्तु आरक्षण,

७. स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायनिक मल (मिश्रणबाहेक), प्राङ्गारिक मल, धूलो दूध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरु उत्पादन गर्ने उद्योग,

८. तराई क्षेत्रका उपमहानगरपालिका तथा नगरपालिका क्षेत्र बाहिर स्थापना हुने अस्पताल, नर्सिङ होम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरु,

९. प्राकृतिक विपद् तथा संक्रामक रोगको महामारीमा आवश्यक पर्ने वस्तु तथा सेवाको उत्पादन गर्ने उद्योग।

**आज्ञाले,**
**ईश्वरराज पौडेल**
**प्रदेश सरकारको सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित ।
मूल्य रु. ४५।-